आज मिति २०७८/१०/१४ गतेका दिन विहान ८:०० बजे यस गण्डकी गाउँपालिकाका अध्यक्ष श्री होम वहादुर राना मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ८१औं बैठक गण्डकी गाउँपालिकाको कार्यालय भुम्लिचोकमा वसी प्रस्ताव हुन आएका विभिन्न प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गर्नको लागि देहाय वमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिति भयो ।

## उपस्थिति

| क्र.सं | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री होम बहादुर राना मगर | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री गिर बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री देउ बहादुर गुरुङ्ग | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री नवराज श्रेष्ठ | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री नर बहादुर पाण्डे | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री जस बहादुर सिं थापा | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री जीवन गुरुङ्ग | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री राम प्रसाद रेग्मी | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री पहलमान बयलकोटी | गाउँ कार्यपालिका सदस्य | |
| १२ | श्री भगवती चेपाङ | गाउँ कार्यपालिका सदस्य | |
| १३ | श्री मिना सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १४ | श्री रिम माया थापा मगर | गाउँ कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा रेग्मी कट्टेल | गाउँ कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी सुनार | गाउँ कार्यपालिका सदस्य | |
| १७ | श्री बेली श्रेष्ठ | नि. प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति :

| | | | |
|---|---|---|---|
| १. | वेदहरि अधिकारी | प्रशासन शाखा प्रमुख | |
| २. | प्रकाश श्रेष्ठ | रोजगार संयोजक | |
| ३. | गोपी कोइराला | योजना शाखा प्रमुख | |
| ४. | विकास न्यौपाने | इन्जिनियर, प्राविधिक परियोजना | |

## मिति २०७८।१०।१४ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

**प्रस्ताब नं. १: नवप्रवर्द्धन साझेदारी कोष मार्फत सञ्चालन हुने कार्यक्रमको अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. १

प्रस्ताब नं. १ उपर आजको यस बैठकमा छलफल हुदाँ चालु आ.व. २०७८।७९ देखि यस गण्डकी गाउँपालिका भित्र नवप्रर्द्धन साझेदारी कोष मार्फत प्रविधिमैत्री राजश्व सुधार कार्यक्रम कार्यान्वयन गर्ने गरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयवाट पेश हुन आएको अवधारणा पत्र पेश भए बमोजिमनै स्वीकृत गर्ने र उक्त अवधारणापत्र गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम कार्यन्वयन इकाई पोखरामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नं. २: नवप्रवर्द्धन साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा ।**

निर्णय नं. २

प्रस्ताब नं. २ उपर आजको यस बैठकमा छलफल हुदाँ नवप्रर्द्धन साझेदारी कोष कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | –संयोजक: |
| २) गाउँपालिका उपाध्यक्ष | –सदस्य |
| ३) पूर्वाधार विकास समिति संयोजक | –सदस्य |
| ४) आर्थिक विकास समिति संयोजक | –सदस्य |
| ५) प्रमुख प्रशासकीय अधिकृत | –सदस्य |
| ६) पूर्वाधार विकास तथा भवन नियमन शाखा प्रमुख | –सदस्य: |
| ७) आर्थिक प्रशासन शाखा प्रमुख | – सदस्य |
| ८) योजना शाखा प्रमुख | –सदस्य: |
| ९) सूचना तथा प्रविधि अधिकृत | –सदस्य |
| १०) राजश्व शाखा प्रमुख | –सदस्य |
| ११) कार्यक्रम सम्पर्क व्यक्ति | –सदस्य– सचिव |

**प्रस्ताब नं. ३ कार्यक्रम सम्पर्क व्यक्ति तोकिएको विषय अनुमोदन सम्बन्धमा ।**

निर्णय नं. ३

नवप्रर्द्धन साझेदारी कोष कार्यक्रम सम्पर्क व्यक्ति तोकिएको विषय अनुमोदन सम्बन्धमा आजको यस बैठकमा छलफल हुदाँ नवप्रर्द्धन साझेदारी कोष कार्यन्वयन निर्देशिका २०७८ बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको च.नं. ३३९१ मिति २०७८।९।३० को पत्रानुसार गण्डकी गाउँपालिका रोजगार संयोजक श्री प्रकाश श्रेष्ठलाई कार्यक्रम सम्पर्क व्यक्ति तोकिएको विषय समर्थन गर्ने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर राना मगर
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. ४: कार्यक्रम लागत साझेदारी सम्बन्धमा ।**

निर्णय नं. ४

नवप्रर्द्धन साझेदारी कोष कार्यन्वयन निर्देशिका २०७८ बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेख भए बमोजिमको ३० प्रतिशत लागत साझेदारी रकम व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: कार्यविधि सम्बन्धमा ।**

निर्णय नं. ५

कार्यालयवाट पेश हुन आएको गण्डकी गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ उपर आजको यस बैठकमा विस्तृत रुपमा छलफल भई उक्त कार्यवधि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: स्थानीय तह वित्तिय शुसासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ अनुशिक्षण सम्बन्धमा ।**

निर्णय नं. ६

स्थानीय तह वित्तिय शुसासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ का सम्बन्धमा आजको यस बैठकमा मूल्यांकनका सूचकहरु र सूचकका प्रमाणिकरणका आधार समेतका विषयवस्तुहरु प्रस्तुत भई जानकारी एवं छलफल भयो । सो सम्बन्धमा निर्दिष्ट सूचकहरु र सो का प्रमाणिकरणका आधारहरु संकलन गरी तोकिएको समय भित्रै प्रविष्ट गरी सक्ने र शाखागत रुपमा सूचकहरुको वर्गिकरण गरी प्रभावकारी ढंगवाट कार्य सम्पादन गर्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. ७

गण्डकी गाउँपालिका अन्तर्गत गठित अनुगमन समितिले गण्डकी गाउँपालिका वडा नं. ५ स्थित विभिन्न योजनाहरुको अनुगमन गरि पेश गरेको अनुगमन प्रतिवेदन उपर आजको यस बैठकमा छलफल भयो । उक्त सम्वन्धमा प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ कार्यविधि संशोधन संम्बन्धमा**

निर्णय नं. ८

गण्डकी गाउँपालिका, अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि, २०७६ को दफा ६ समन्वय समिति सम्वन्धी व्यवस्थामा प्रमुख प्रशासकीय अधिकृतलाई सदस्यको रुपमा रहने गरी थप गर्ने साथै दफा ७ (ट) पछि ट.१ प गरी " समन्वय समिति संयोजकले आवश्यकता अनुसार अपाङ्गता परिचयपत्र वितरणको लागि अनुगमन समिति गठन गर्न सक्नेछ" भन्ने वुदाँ थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ समर्थन संम्वन्धमा**

निर्णय नं. ९

गाउँपालिकाको च.नं. ३३५० मिति २०७८।९।२८ को श्री खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, क्लष्टर ईकाई, गोरखालाई पठाइएको श्री आग्रीडाँडा कृषक समूह, गण्डकी गाउँपालिका वडा नं. ६ (साविक भुम्लीचोक गा.वि.स. वडा नं ४) को भवन र अन्य संरचना निर्माण गर्न आवश्यक पर्ने पर्ति जग्गा (ऐलानी) प्रयोग गर्नको लागि प्रदान गर्ने गरी गरिएको सहमतीलाई समर्थन गरियो ।

होम बहादुर राना मगर
अध्यक्ष

CamScanner

**प्रस्ताब नं. १०: अनुमती सम्बन्धमा।**

निर्णय नं. १०

गण्डकी गाउँपालिका वडा नं ८, नयाँगाउँ स्थित नयाँगाउँ सिंचाई आयोजना को लागि आयोजना सञ्चालन गर्न आवश्यक पर्ने सोलार प्लाण्ट जडान गर्न गण्डकी गा.पा. वडा नं. ८ को सिंचाई आयोजना नजिकैको कि.नं. २२७ को जग्गा निजी वा सार्वजनिक के हो ? एकिन गर्न नापी कार्यालय गोरखामा लेखि पठाउने निर्णय गरियो।

**प्रस्ताब नं. ११: गोरखा रिसोर्स म्यानेजमेण्ट प्रा.लि.लाई वालुवा खानी सञ्चालनका लागि अनुमति दिने सम्बन्धमा।**

निर्णय नं. ११

गण्डकी गाउँपालिका वडा नं. ७ स्थित चुवाटार क्षेत्रमा खानी तथा भुगर्भ विभागको प.सं. २०७८।७९ अनुमति पत्र नं. ८३ मिति २०७८।१०।६ को पत्र सहित संलग्न गरी गोरखा रिसोर्स म्यानेजमेण्ट प्रा.लि. घ्याल्चोकले गण्डकी गाउँपालिका वडा नं. ७ चुवाटार क्षेत्रमा वालुवा खानी सञ्चालनका लागि अनुमति पाउँ भनि पेश गर्नु भएको निवेदन आजको यस वैठकमा पेश भई छलफल हुदाँ खानी तथा भुगर्भ विभागको प.सं. २०७८।७९ अनुमति पत्र नं. ८३ मिति २०७८।१०।६ को पत्र एवं गण्डकी गाउँपालिकाको "ढुगा, गिटी, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधि, २०७४" बमोजिम नियमानुसार निकासी कर लिने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताब नं. १२: रकम विनियोजन सम्बन्धमा।**

निर्णय नं. १२

प्रस्ताब नं. १३ उपर छलफल हुदाँ गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले वाढी पहिरोजस्ता विपद्जन्य घट्नावाट क्षतिग्रस्त सडक लगायत भौतिक संरचनाको मर्मत संभार एवं विकास निर्माण प्रयोजनका लागि समेत प्रयोग हुने व्याक होय लोडर (जे.सि.वि.) ट्रिपर लगायतका चारपाँग्रे गाडीलाई आवश्यक पर्ने इन्धन (डिजेल) आयल स्टोर्सवाट खरिद गरी त्यांई भण्डारण गरी राख्ने प्रयोजनका लागि भुम्लिचोक स्वास्थ्य चौकी परिषरमा निर्माण गरिएको तेल भण्डारण कक्ष निर्माण कार्यको रकम भुक्तानीका लागि आठौ गउँसभावाट विपद् व्यवस्थापन तर्फ विनियोजन गरी स्वीकृत गरिएको रु. ७० लाख मध्येवाट प्राविधिक लागत अनुमानमा नवढ्ने गरी मूल्याँकन बमोजिमको रकम भुक्तानी दिने साथै वर्षाका कारण पहिरो तथा बाढीले क्षतिग्रस्त भएका तपसिल बमोजिम सडक खण्डमा पालिकाको नं. ग १ झ ५८७ नं. को व्याक होय लोडर (जे.सि.वि.) प्रयोग गरी मर्मत संभार गरिएकोले उक्त सडक खण्डहरु मर्मत संभार गर्दा, ईन्धन ढुवानी र अनुगमन गर्दा समेत भएको ईन्धन वापतको खर्च रकम रु ३२१०६६।५४ समेत सोही विपद् व्यवस्थापन तर्फ विनियोजित वजेटवाट भुक्तानी दिने निर्णय गरियो।

तपसिल

१) गाउँपालिका भन्ज्याँग आँपचौर सडकको आँपचौर खण्ड
२) गाउँपालिका कुलछाप दलभन्ज्याँग सडकको दलभन्ज्याँग खण्ड
३) फिस्लिङ्ग गाउँपालिका भुम्लीचोक सडकको खानीखोला सडक खण्ड
४) फिस्लिङ्ग गाउँपालिका भुम्लीचोक सडकको पुजारीटोल खण्ड
५) फिस्लिङ्ग गाउँपालिका भुम्लीचोक सडकको आइडाँडा खण्ड
६) तेर्से कोटगाउँ वेनीगाउँ सडक खण्ड
७) कोटगाउँ वेनीगाउँ सडक खण्ड
८) भैरवीटार सडक खण्ड
९) सेप्टीटेंक निर्माण
१०) कुलछाप सडक खण्ड
११) लुकुना सडक खण्ड
१२) फिस्लिङ्ग भैरवी सडकको नाली कटिङ्ग
१३) फिस्लिङ्ग गाउँपालिका भुम्लीचोक सडकको मार्खु खण्ड

होम बहादुर राना मगर
अध्यक्ष

CamScanner

गण्डकी गाउँपालिका
गाउँपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १३**

सडक बोर्ड नेपाल र गण्डकी गाउँपालिकाको ७०/३० लागत साझेदारीमा सञ्चालन गर्ने गरी सडक बोर्ड नेपालवाट गत आ.व. २०७७।७८ मा स्वीकृत भई चालु आ.व. २०७८।७९ मा संचालन भई सम्पन्न भएका गण्डकी गाउँपालिका स्थित तपसिल बमोजिमका सडक मर्मत योजनाहरुमा भुक्तानी गर्नु पर्ने रकम मध्ये गाउँपालिकावाट व्यहोर्नु पर्ने ३० प्रतिशत लागत साझेदारी रकम चालु आ.व. २०७८।७९ मा विनियोजित समपुरक कोष तर्फको बजेटवाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| क.स. | योजनाको नाम |
|---|---|
| १ | दलभन्ज्याँङ्ग कुलछाप गाउँपालिका सडक |
| २ | दर्वुङ्ग ग्याजा सानो दर्वुङ्ग राईथोक खाल्थोक सडक |
| ३ | भैरवीटार छापगाउँ घ्याल्चोक सडक |
| ४ | गाउँपालिका आँपचौर ज्यामिरेघाट सडक |

होम बहादुर राना मगर
अध्यक्ष